# हिरासत तथा थुनुवा अनुगमन निर्देशिका,२०७६

**<u>प्रस्तावना</u> :** प्रदेश सरकारको मातहातमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गरी निर्देशन र प्रतिवेदन समेतको कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन २०७५, को दफा १८ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ।

## <u>परिच्छेद - १</u>

१.**<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) नाम : यस निर्देशिकाको नाम "हिरासत तथा थुनुवा अनुगमन निर्देशिका,२०७६" रहेको छ।

(२) प्रारम्भ : यो निर्देशिका मुख्य न्यायाधिवक्ताले स्वीकृत गरेको मिति देखी प्रारम्भ हुनेछ।

२.**<u>परिभाषा</u> :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "थुनुवा" भन्नाले अपराधको अनुसन्धान तहकीकात वा पूर्पक्षका लागि प्रहरी वा अन्य निकायको हिरासतमा रहेको व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "न्यायाधिवक्ता" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्तालाई सम्झनु पर्छ। सो शब्दले सो कार्यालयका नेपाल न्याय सेवा, सरकारी वकील समूहका अधिकृतलाई समेत जनाउँनेछ।

(ग) "प्रदेश " भन्नाले सुदूरपश्चिम प्रदेशलाई जनाउँनेछ।

(घ) "प्रदेश कानून" भन्नाले सुदूरपश्चिम प्रदेश सभाबाट पारित भएको कानूनलाई सम्झनु पर्छ।

(ङ)  ‘‘मुख्य न्यायाधिवक्ता’’भन्नाले नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्तालाई सम्झनु पर्दछ।

च)  ‘‘हिरासत’’भन्नाले अपराध अनुसन्धान तहकीकात वा पुर्पक्षका लागि अनुसन्धान गर्ने निकायको नियन्त्रण वा थुनामा बस्नुपर्ने अवस्थालाई जनाउँछ।

## परिच्छेद - २

## अनुगमनको उद्देश्य तथा व्यवस्था

३.**अनुगमनका उद्देश्यहरु:** (१) अनुगमनका उद्देश्यहरू देहाय बमोजिम हुनेछन :-

हिरासत तथा थुनुवा कक्षमा रहेको व्यक्तिहरुलाई मानवोचित ब्यवहार भए नभएको जाँचवुझ गरी नभएको पाईएमा उपयूक्त निर्देशन दिने तथा सो को अनुगमन प्रतिवेदन मुख्यमन्त्रि तथा महान्यायाधिवक्ता समक्ष पेश गर्ने।

४.**अनुगमनका विधिहरु:** हिरासत अनुगमन गर्दा देहाय बमोजिमका विधिहरू अवलम्बन गर्न सकिनेछ :-

(क) अवलोकन विधि

(ख) अन्तर्वाता विधि

(ग) छलफल विधि

(घ) प्रश्नवाली विधि

(ङ) अन्य विधि

५.**अनुगमन प्रक्रिया:**

(क) मुख्य न्यायाधिवक्ताको नेतृत्वमा हिरासत तथा थुनुवा कक्षमा रहेका व्यक्तिहरुलाई मानवोचित व्यवहार भए नभएको निरीक्षण गर्ने अनुगमन टोली गठन गरिनेछ।

(ख) अनुगमन टोलीले कम्तिमा बर्षको एक पटक प्रदेश भित्रका सबै हिरासत तथा थुनुवा कक्षहरुमा रहेका व्यक्तिहरुलाई मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले हिरासत अनुगमन गर्दा सम्बन्धित कार्यालयले सहयोग गर्नुपर्ने छ ।

(घ) अनुगमन टोलीले अनुगमन गर्दा दफा ४ मा उल्लेखित उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ ।

६.**अनुगमन नियमित र आकस्मिक हुने:**

(क) अनुगमन टोलीले हिरासत अनुगमन गर्दा नियमित र आकस्मिक दुबै किसिमले गर्न सक्नेछ ।

(ख) नियमित अनुगमन जानुपूर्व सम्बन्धित निकायलाई लिखित रुपमा जानकारी पठाउनुपर्ने छ ।

(ग) आकस्मिक अनुगमन गर्दा हिरासतमा राखिएको व्यक्तिलाई मानवोचित व्यवहार नगरिएको सम्बन्धमा प्राप्त उजुरी, निवेदन, संचार माध्यमको सूचनाको आधारमा वा मुख्य न्यायाधिवक्ताले आवश्यक देखेमा अनुगमन गरिने छ ।

तर आकस्मिक अनुगमन गर्न जानुपर्दा भने दफा ६(ख) अनुसार जानकारी दिइरहनु पर्ने छैन ।

७.**उजुरी दिने:** (१) हिरासत तथा थुनुवा कक्षमा मानवोचित व्यवहार नभएको सम्बन्धमा थुनुवाले वा निजका आफन्तले मुख्य न्यायाधिवक्ताको कार्यालयमा लिखित वा मौखिक उजुरी दिन सक्नेछ ।

(२) मौखिक उजुरी पर्ने आएमा कार्यालयले उक्त उजुरीलाई लिपिवद्ध गर्नु पर्नेछ ।

(३)उपदफा १ बमोजिम उजुरी परेमा २१ दिन भित्र अनुगमन गरि आवश्यक निर्देशन दिनु पर्नेछ।

## परिच्छेद...३

## अनुगमनका विषयहरु

८. **अनुगमनका विषयहरु:** अनुगमन टोलीले हिरासत तथा थुनुवा कक्षको अनुगमन गर्दा देहायका विषयहरुमा अनुगमन गर्नु पर्नेछ :-

### ८.१ खानपिन सम्बन्धमा:-

(क) पर्याप्त पोषण सहितको खाना समयमा दिने गरे नगरेको ।

(ख) खाना दिने समय र पटक निर्धारण भए नभएको ।

(ग) खाजा तथा नास्ताको व्यवस्था भए नभएको ।

(घ) फलफूल, हरियो सागपात आदि खाने कुराको सन्तुलनमा ध्यान दिए नदिएको ।

(ङ) खान पकाउने, खाने र बस्ने ठाउँको उचित प्रबन्ध गरे नगरेको ।

(च) विशेष हेरचाह र पौष्टिक आहार आवश्यक पर्ने अवस्थाका व्यक्तिहरूका लागि पौष्टिक आहारको व्यवस्था भए नभएको ।

### ८.२ उचित बसोबासको सम्बन्धमा:-

(क) सरुवा तथा अन्य संक्रमित रोगहरू लागेका व्यक्तिहरूलाई छुट्टाछुट्टै बस्ने व्यवस्था गरे नगरेको

(ख) मानसिक रुपमा अशक्त भएका व्यक्तिहरूलाई छुट्टै राख्ने गरे नगरेको ।

(ग) सुरक्षाको दृष्टिकोणले अलग राखिनु पर्ने व्यक्तिलाई पहिचान गरी छुट्टै राख्ने व्यवस्था गरे नगरेको।

(घ) महिला र पुरुषलाई अलग -अलग हिरासत तथा थुनुवा कक्षको व्यवस्था भए नभएको ।

(ङ) शारीरिक रुपले अपांगता भएका व्यक्तिलाई बसोबासका लागि अपाङ्गता मैत्री भए नभएको।

(च) हिरासत तथा थुनुवा कक्षमा पर्याप्त रुपमा बस्ने ठाउँ भए नभएको ।

(छ) हिरासत तथा थुनुवा कक्ष भित्र वा बाहिर पहुँचयुक्त ठाउँमा शौचालय पर्याप्त संख्यामा भए नभएको

(ज) मौसम अनुकुलका ओढ्ने ओछयाउने कपडाको व्यवस्था गरे नगरेको ।

(झ) हिरासत तथा थुनुना कक्षामा उज्यालो प्रकाश व्यवस्था भए नभएको ।

(ञ) अशक्त तथा विरामीलाई विशेष रेखदेख तथा संरक्षण, ओढ्ने ओछयाउने लुगाफाटोको समुचित ब्यवस्था भए नभएको।

### ८.३ स्वास्थ्य, उपचार र सरसफाइ सम्बन्धमा:-

(क) चिकित्सा सेवा र सुविधाको उपलब्धता भए नभएको ।

(ख) आकष्मिक उपचार, उपचार सामग्रीको ब्यवस्था तथा चिकित्सक र अस्पतालसम्मको सहज पहुँचको व्यवस्था भए नभएको ।

(ग) अत्यावश्यक औषधी तथा प्राथमिक उपचारको सेवाको व्यवस्था भए नभएको ।

(घ) विशेष उपचारको आवश्यकता पर्नेहरूको लागि विशेष उपचारको व्यवस्था भए नभएको ।

(ङ) हिरासत कक्षको नियमित सरफाईको गरे नगरेको ।

(च) नियमित स्वास्थ्य जाँचको व्यवस्था गरे नगरेको ।

(छ) बिरामी पर्दा स्वास्थ्य परीक्षण र उपचारको लागि व्यवस्था गरे नगरेको ।

(ज) हिरासतमा आपतकालिन (इमर्जेन्सी) स्वास्थ्य सेवाको उपलब्धता भए नभएको ।

## ८.४ मर्यादित तथा निर्दोषिताको व्यवहार सम्बन्धमा:-

(क) हिरासतमा रहेका व्यक्तीहरुलाई कुनै पनि शारीरिक यातना कुटपीट गरे नगरको ।

(ख) मानसिक वा सवेगात्मक रुपमा दुरव्यवहार गरे नगरेको ।

(ग) बयान गर्दा तथा स्वास्थ्य चेक जाचँ गर्न लैंजादा दुर्व्यवहार गरे नगरेको ।

(घ) हिरासत तथा थुनुवा कक्षमा यातना दिने वा अमानवीय ब्यवहार नगर्ने कुराको प्रत्याभूति भए नभएको ।

(च) कानून व्यवसायीसंग अलग्गै बसेर कानूनी परामर्श तथा भेटन पाए नपाएको ।

(ज) मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँदा मर्यादित व्यवहार गरे नगरेको ।

(ट) अनुसन्धान, बयान र वकपत्र गराउदा सामान्य आदरर्थी भाषा शैलीको प्रयोग र उचित व्यवहार गरे नगरे ।

(ज) अनुसन्धान तथा बयानका क्रममा उचित तथा मर्यादित तरिकाले बयान गर्ने अनुसन्धान तथा सुरक्षामा खटिएको टोलीलाई अभिमुखिकरण गर्ने व्यवस्था भए नभएको।

## ८.५ सम्पर्क ,समन्वय तथा भेटघाट:-

(क) परिवारका सदस्य वा आफ्नतसंग संचार,सम्पर्क तथा भेटघाट गर्ने समय उपलब्ध भए नभएको।

(ख) मानवअधिकारकर्मी,मनोपरामर्शकर्ता र बाल विशेज्ञ लगाएतलाई सम्पर्क गर्न पाए नपाएको ।

(ग) नि:शुल्क कानूनी सेवाका लागि आवश्यक समन्वय र सम्पर्क गर्न पाए नपाएको ।

(घ) सम्बन्धित परिवार र नातेदारलाई बिरामी भएको अवस्थाको जानकारी दिन सकिने संचार माध्यमको व्यवस्था भए नभएको ।

(ङ) भेट्न आउने आगुन्तकहरुलाई मर्यादित व्यवहार गरे नगरेको ।

**८.६ हिरासत तथा थुनुवा कक्षको व्यवस्थापन सम्बन्धमा:-**

(क) थुनुवाहरूलाई उनीहरूका परिवारजन, आफन्त तथा साथीभाईहरूसँग भेटघाट गर्न समय निधारण गरे नगरेको ।

(ख) थुनुवाहरूलाई कानून व्यवसायीहरूसँग भेटघाट गर्ने सरल र सहज व्यवस्था गरे नगरेको ।

(ग) थुनुवाहरूलाई विहान र उपयुक्त समयमा स्नान गर्ने वा सरसफाई गर्ने दिने व्यवस्था भए नभएको ।

(घ) थुनुवाहरूलाई आफ्नो धार्मिक आस्था अनुरुपको धार्मिक क्रियाकलाप गर्न दिए नदिएको।

(ङ) अनुशासन कायम गर्ने नितिगत व्यवस्था भए नभएको ।

(च) अनुशासन तथा मर्यादा कायम गर्ने सुधारको योजना भए नभएको ।

(छ) मानवअधिकारकर्मी ,बालमनोविज्ञ र कानून व्यवसायीहरुलाई भेटने समयको उपलब्धता भए नभएको ।

## परिच्छेद —४

## प्रतिवेदन तथा निर्देशन्

९.**प्रतिवेदन:** (१)अनुगमन टोलीले हिरासत तथा थुनुवा कक्ष अनुगमनको प्रतिवेदनमा उठाइएका विषयमा जवाफदेहिता बहन गर्नुपर्ने छ ।

(२)प्रतिवेदनको ढाँचा अनुसुची १ बमोजिम निर्धारण गरे बमोजिम हुनेछ ।

१०.**प्रतिवेदन तयार गर्नुपर्ने**: अनुगमन टोलीले अनुगमन कार्य सम्पन्न गरेको मितिले बढीमा १५(पन्ध्र) दिन भित्र अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने छ ।

११.**प्रतिवेदन पेश गर्नु पर्ने:** मुख्य न्यायाधिवक्ताको कार्यालयले मुख्यमन्त्रि र महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२.**निर्देशन दिने:** (१) मानवोचित व्यवहार नभएको पाईएमा अनुगमन खटिएको टोलीले तत्काल सुधारका लागि लिखित तथा मौखिक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद—५

## विविध

१३.**आवश्यक सूचना उपलब्ध गराउनु पर्ने:** (१)हिरासत तथा थुनुवा व्यवस्थापनले अनुगमन टोलीलाई आवश्यक अभिलेख तथा कागजात लगाएतका सूचनाहरु लिखित तथा मौखिक रुपमा उपलब्ध गराउनु पर्नेछ।

(२)अनुगमन टोलीलाई सूचना उपलव्ध गराउनु हिरासत तथा थुनुवा कक्ष व्यवस्थापनको मुख्य  जिम्मेवारी हुनेछ।

१४.**सूचनाको गोपनियता कायम गर्नु पर्ने:** (१)हिरासत तथा थुनुवा कक्षमा रहेका व्यक्तिहरुले दिएको कुनै सूचना वा उजुरीका कानून बमोजिम गोप्य राख्नु पर्ने भएमा त्यस्ता सूचना तथा उजुरीका विषयहरुको गोपनियता कायम गर्नु पर्नेछ।

(२)सूचनाको गम्भीरता हेरी अनुगमन टोलीले अनाधिकृत व्यक्तिलाई सूचना भन्न वा  दिन हुदैन्न।

१५.**निर्देशिका कार्यन्वयन, परिमार्जन तथा खारेजी:** निर्देशिका कार्यन्वयन ,परिमार्जन र खारेजी गर्ने अधिकार मुख्य न्यायाधिवक्तामा निहित हुनेछ।

१६.**निर्देशिका उल्लङघन गर्नु नहुने:** (१)यो निर्देशिका उल्लङ्घन गर्नु हुदैन्न।

(२) उपदफा (१)बमोजिम कसैले पनि यो निर्देशिका उल्लङ्घन गरेमा आचार संहिता उल्लङ्घन भएको  मानिनेछ।

१७.**वेवसाईटमा राख्ने:** यो निर्देशिका मुख्य न्यायाधिवक्ताबाट पारित भएपछि मुख्य न्यायाधिवक्ताको कार्यालयको वेवसाईटमा राखिने  छ।

# अनुसुची १

## प्रतिवेदन ढाँचा

**१.अनुगमनको विवरण**

(क)अनुगमन गरेको जिल्ला.............................

(ख)हिरासत तथा थुनुवा कक्ष रहेको स्थान...........................

(ग)अनुमगन गरेको मिति.............................

(घ) अनुगमन टोलीको सदस्य संख्या................

(ङ)अनुगमनको कारण संक्षिप्त रुपमा उल्लेख गर्ने.....................................।

**२.अनुमगनको उद्देश्य**

.......................................................................................................................

...............................................................................................................।

**३.अनुमगन विधि तथा किसिम**

३.१) नियमित ( ) आकस्मिक ( )..........√..उल्लेख गर्ने।

३.२) तलका मध्ये कुन कुन अनुगमन विधि कसरी प्रयोग गरीएको उल्लेख गर्ने।

(क) अवलोकन विधि...........................................................................................

(ख) अन्तर्वाता विधि.........................................................................................

(ग) छलफल विधि............................................................................................

(घ) प्रश्नवाली विधि............................................................................................

(ङ) अन्य विधि..................................................................................................

**४.हिरासत तथा थुनुवा कक्षको विवरण उल्लेख गर्ने।**

| क्रम सं | हिरासत तथा थुनुवा कक्षको कुल क्षमता संख्या | हिरासत तथा थुनुवा कक्षमा रहेका पुरुषको संख्या | हिरासत तथा थुनुवा कक्षमा रहेका महिलाको संख्या | हिरासत तथा थुनुवा कक्षमा रहेका जेष्ठ नागरिकको संख्या | हिरासत तथा थुनुवा कक्षमा रहेका बालबालिकासंख्या | हिरासत तथा थुनुवा कक्षमा रहेको अशक्त ,विरामी,मानसिक विरामी तथा दिर्घ रोगीको संख्या |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

(क) हिरासतको श्रेणी.....................

(ख) हिरासतको स्थापना वि.स .................

(ग) क्षमता भन्दा बढी थुनुवाको संख्या .................. ।

(घ) जम्मा थुनुवा संख्या.............

(ङ) गर्भवति वा सुत्केरी महिला थुनुवा संख्या...........

(च) आश्रित बालबालिका संख्या.........

(छ) हिरासत व्यवस्थापनमा खटिएका कर्मचारीको संख्या ..........

(ज) हिरासत तथा थुनुवा कक्ष व्यवस्थापन प्रमुखको नाम.........................

(झ) खानेपानी धारा संख्या.....................................

(ञ) शौचालयको संख्या.........................................

**५. अनुगमन निर्देशिकामा उल्लिखित मुख्य विषयहरुमा केन्द्रित हुनु पर्नेछ ।**

(क) खानपिन सम्बन्धमा..................................................................

(ख) उचित बसोबासको सम्बन्धमा.......................................................

(ग) स्वास्थ्य, उपचार र सरसफाइ सम्बन्धमा..................................................

(घ)मर्यादित तथा निर्दोषिताको व्यवहार सम्बन्धमा....................................................

(ङ)सम्पर्क,समन्वय तथा भेटघाट...................................................................

(च) हिरासत तथा थुनुवा कक्षको व्यवस्थापन सम्बन्धमा............................................

६. **हिरासत तथा थुनुवा कक्षमा मानवोचित व्यवहार नहुनुको कारण वुँदागत उल्लेख गर्ने** ।

क) कारण..........................................................................................................

१.

२.

३.

..........................................................................................................................

ख) थुनुवा व्यक्तिहरुले भोग्नु परेको समस्या वुदाँगत रुपमा उल्लेख गर्ने ।

१...................................................................................................................

२...................................................................................................................

.

३...................................................................................................................

.

४.......................................................................................................................
.

**७. हिरासत तथा थुनुवा कक्षको व्यवस्थापन पक्षलाई अनुमगन टोलीले दिएको निर्देशन उल्लेख गर्ने ।**

.......................................................................................................................

**८. समस्या समाधान उपाय तथा सुझाव ।**

.......................................................................................................................
.......................................................................................................................
.......................................................................................................।

**९. निष्कर्ष ।**

.......................................................................................................................
................................................................................................................।

**१०.अनुगमन टोलीका सदस्यहरुको नामावाली विवरण**

१.
२.
३.
४.

..........................
**प्रतिवेदन**
**प्रस्तुतकर्ता**